मिति २०८० असार २२ गते शुक्रबार (वि.सं.२०८०।३।२२) तुलसीपुर उपमहानगरपालिकाको १३औं नगरकार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिकाका वडा नं. ३, ८ र ९ मा रहेको अमृतपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाका सम्बन्धमा छानबीन गरी प्रतिवेदन पेश गर्न मिति २०७८।३।८ गठित छानबीन समितिले तयार पारेको प्रतिवेदन प्रस्तुत भयो । उक्त प्रतिवेदन तयार गर्ने छानबिन समितिलाई हार्दिक धन्यबाद दिंदै, उक्त प्रतिवेदन अमृतपुर खानेपानीका उपभोक्ता प्रति उत्तरदायी हुने गरी स्वीकृत गरी छानबिन प्रतिवेदन आवश्यक कार्यान्वियनका लागि अमृतपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थामा पठाउने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकाको वडा नं. ५ मा सञ्चालनमा रहेको कोसेली घरको सम्बन्धमा म.ले.प. को आ.ब. २०७८/०७९ को प्रतिवेदनले दिएको सुझावहरु तथा द्विपक्षीय संझौतामा उल्लेखित शर्तहरुका सम्बन्धमा आवश्यक अध्ययन तथा छानबीन गरी पुरानो रकम असुल गराउने र चलनचल्तीको नयां भाडा दर कायम गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको अध्ययन कार्यदल गठन गर्ने, साथै उक्त कार्यदलले अध्ययन गरी सोको प्रतिवेदन आगामि कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १.श्री माधव वली | आर्थिक बिकास समिति संयोजक | संयोजक |
| २.श्री बीरेन्द्र कुमार शाह | ५ नं वडा अध्यक्ष | सदस्य |
| ३.श्री घनश्याम ढकाल | लेखा समिति संयोजक | सदस्य |
| ४.श्री यमुना परियार | कार्यपालिका सदस्य | सदस्य |
| ५.श्री ललित बहादुर घर्ती | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. ३

बैभव कन्स्ट्रक्सन तुलसीपुर ५ को मिति २०८०।३।१५ गतेको पत्रबाट उक्त कन्स्ट्रक्सनको विज्ञापन करको ठेक्का अवधि बिस्तार गर्न माग भएकोमा उक्त कन्स्ट्रक्सनको ठेक्का अवधि आ.ब. २०८०/०८१,२०८१/०८२ र २०८२/०८३ सम्म ठेक्का अवधि कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.४

तुलसीपुर उपमहानगरपालिकाको १३ औं नगरसभाको तेश्रो बैठक मिति २०८०।३।३१ गते दिनको ११.०० बजे तुलसीपुर उपमहानगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

निर्णय न ५

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०८०/०८१मा सञ्चालन गर्ने गरी १९ वटै वडाबाट १/१ वटा मात्र १० लाखको नगरस्तरीय योजना छनौट गरी पठाउने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

(मिति २०८०।३।२२ गते १३औं नगरकार्यपालिका बैठकका निर्णयहरु)

(१)

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति २०८० असार २२ गते शुक्रबार (वि.सं.२०८०।३।२२) तुलसीपुर उपमहानगरपालिकाको १३औं नगरकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका भित्र व्यवसाय सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चालनका लागि तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१.श्री माधव वली संयोजक आर्थिक बिकास समिति संयोजक
२.श्री बीरेन्द्र कुमार शाक्य ५ नं. वडा अध्यक्ष सदस्य
३.श्री दुजमान भण्डारी ६ नं. वडा अध्यक्ष सदस्य
४.श्री लक्ष्मण बिश्वकर्मा का.पा. सदस्य सदस्य
५.श्री तुलसीपुर उद्योग बाणिज्य संघ सदस्य
६.श्री तुलसीपुर चेम्बर अफ कमर्श सदस्य
७.व्यवस्थापन/प्राबिधिक प्राध्यापन हुने कलेजको प्रतिनिधि सदस्य
८.उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा प्रमुख सदस्य
९.उद्यमसिलताको क्षेत्रमा सक्रिय कम्तीमा १ जना महिला सहित जम्मा २ जना सदस्य
१०.नेपाल घरेलु तथा सानाउद्योग महासंघ तुलसीपुर सदस्य सचिव

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात सहित निवेदन पेश हुन आएका फर्महरुलाई कार्यविधिको दफा २ बमोजिम निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न उपर्युक्त देखि आर्थिक विकास सिमितिले सिफारिस गरेका तपसिल बमोजिका निर्माण व्यवसायीलाई ईजाजत अनुमति पत्र प्रदान गर्ने निर्णय गरियो ।

१. जलजला ईन्जिनियरिङ्ग कन्ट्रक्सन प्रा.लि.तुलसीपुर ९,प्रो अमृत कुमार वली

२. के.बि. कन्स्ट्रक्सन तुलसीपुर १८ प्रो.खुसीराम चौधरी

३.आन्वी कन्स्ट्रक्सन प्रो. बिक्रम बाबु केसी तुलसीपुर १८

४.एम आर निर्माण सेवा प्रो. रणजित चन्द ठकुरी तुलसीपुर ६

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७९/०८० मा संघीय तथा प्रादेशिक बजेटबाट योजना सञ्चालन भएका बिद्यालयहरुको भवन निर्माण कार्य सम्पन्न नभई रकम फ्रिज हुने र बिद्यालयको भौतिक निर्माणको कार्य अधुरो हुन गई पठनपाठनमा समेत प्रत्यक्ष असर पर्ने देखिएकोले संझौता अनुसार भुक्तानी हुन बांकी रकम बिद्यालयको खातामा जम्मा गर्ने र भवनको निर्माण कार्य सम्पन्न नहुदा सम्म बिद्यालयको खाता रोक्का राख्ने निर्णय गरियो ।

**टिकाराम खड्का**
**नगर प्रमुख**

**राम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०८० असार २२ गते शुक्रबार (वि.सं.२०८०।३।२२) तुलसीपुर उपमहानगरपालिकाको १३औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको करार अवधी २०८० असार मसान्तमा समाप्त हुने भएकोले अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको म्याद २०८० श्रावण १ गते देखि ६ महिनाको लागि थप गर्न आगामि नगरसभालाई सिफारिस गर्ने निर्णय गरियो साथै कर्मचारीहरुको सम्बन्धमा हाल स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण(ONM) र पालिकाको कार्यबोझलाई समेत मध्यनजर राखी गहन अध्ययन बिश्लेषण गरी बिष्तृत प्रतिवेदन पेश गर्न सुशासन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तपसिल बमोजिमको असहाय, अशक्त,दिर्घरोगी तथा संघ संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १.अशोक नेपाली तुलसीपुर वडा नं. ६ | रु.२५०००। |
| २.प्रेम नेपाली तुलसीपुर वडा नं. १५ | रु.२००००। |
| ३.पूर्ण बहादुर चौधरी तुलसीपुर वडा नं. १६ | रु.२५०००। |
| ४.हरि बहादुर नेपाली वडा नं. १ | रु.२५०००। |
| ५. नेपाल स्वास्थ्य कर्मि संघ | रु.१५०००। |
| ६.मायां चौधरी वडा नं. १४ | रु.२५०००। |
| ७.अखिल नेपाल किसान संघ | रु.१५०००। |
| ८.जित बहादुर चौधरी वडा नं. १२ | रु.२५०००। |
| ९. कुसल पुन वडा न१० | रु.२५०००। |
| १०.बेली वली वडा नं. ११ | रु रु.१५०००। |
| ११.दण्ड बहादुर मल्ल | रु.२५०००। |
| १२.छोटीलाल चौधरी | रु.२००००। |
| १३. रामबहादुर चौधरी वडा नं. ९ | रु.१००००। |
| १४. पदमा नेपाली वडा नं. १४ | रु.२००००। |
| १५.बलिराम खत्री वडा नं. १ | रु.२५०००। |
| १६.लोक बहादुर नेपाली वडा नं. ५ | रु.२५०००। |





राम बहादुर के.सी.

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल